सङ्घीय लोकतान्त्रिक गणतन्त्रप्रति समर्पित
मुलुकी
राष्ट्रिय दैनिक
माझखर्क साप्ताहिकको सह-प्रकाशन
खबर

बिमा लेखा कार्ड हरायो

मिति २०७८/०२/१५ गते गाईघाटबाट बोक्सेजाने क्रममा नेपाल लाईफ ईन्स्युरेन्स कम्पनीद्वारा जारी भएको विमालेख हराएको हुँदा पाउनु हुने महानुभावले निम्नलिखित ठेगानामा खबर गरि दिन हुन अनुरोध छ।

नाम थर :- सरिता बि.क.
बिमालेख नं. :- २३१००३२४५
सम्पर्क नं. :-९८०५९९८७३०
ठेगाना :- त्रियुगा न.पा.१३,डिएम् गेट,गाईघाट, उदयपुर।

■ बर्ष-१५, ▶▶ अंक ३४१ ▶▶ असार १६ बुधबार ,२०७८, June –30 Wednesday 2021, यलेदुङ किरात सम्बत) ५०८१, उ.जि.प्र.का.द.नं. १४/०६२/६३ ■ पृष्ठ -४ ▶▶ मूल्य रु. ५/-www.majhkharka.com

चक्लाबन्दीमा रोपाई गर्दै धान दिवस मनाईयो

❖ **मनिता कुमारी राई**

उदयपुर, असार १५

उदयपुरमा असार १५ गतेको 'धान दिवस तथा रोपाई महोत्सव' सदरमुकामनजिकै बहेडवाको चक्लाबन्दी खेतीमा रोपाँई गरेर मनाइएको छ। त्रियुगा नगरपालिका १३ को बहेड्वामा रहेको १ सय ५० बिगाह क्षेत्रफल खेतमा सामुहिक रोपाई गरेर दिवस मनाइएको हो।

त्रियुगा नगरपालिका, कृषि ज्ञान केन्द्र, प्रधानमन्त्री कृषि परियोजना (जोन) र जिल्ला समन्वय समितिको संयुक्त आयोजनामा सामुहिक रोपाई गरेर दिवस मनाइएको हो। त्रियुगा १३ नं. की वडाध्यक्ष पशुमति चौधरीका अनुसार रोपाईमा जिल्ला समन्वय प्रमुख खड्ग परियार, त्रियुगा नगरप्रमुख बलदेव चौधरी, प्रमुख जिल्ला अधिकारी तुलसीराम सेंढाई, कृषि ज्ञानकेन्द्र प्रमुखलगायत सहभागी थिए।

सदरमुकाममाजस्तै जिल्लाका ८ वटै स्थानीयतहहरुले पनि आआफ्नो तरिकाले सामुहिक रोपाई गरेर दिवस मनाएका छन्। 'धान उत्पादनमा वृद्धि खाद्य सुरक्षा, आत्मनिर्भरता र समृद्धि भन्ने मूल नाराका साथ दिवस देशभर मनाइदै छ। चालु आर्थिक वर्ष नेपालमा २०७७र७८ मा ५६ लाख २१ हजार मेट्रिक टन धान उत्पादन भएको कृषि विभागले जनाएको छ। उक्त परिमाणको धान देशभरका १४ लाख ७३ हजार हेक्टर क्षेत्रफल खेतमा लगाइएको धानबाट उत्पादन भएको हो।

निर्माण व्यबशायी

खड्काको निधन

❖ **मुलुकी संवाददाता**

उदयपुर, असार १५

निर्माण व्यवशायी उदयपुर संघका सचिव सुर्यबहादुर खड्का (अमृत) को मंगलबार निधन भएको छ।

एक महिना अघिदेखि बिरामी रहेका उनको उपचार गर्ने क्रममा काठमाडौंस्थित अस्पतालमा निधन भएको हो। शुसन आदित्य निर्माण सेवा उदयपुरका सञ्चालक रहेका खड्काको मंगलबारनै काठमाडौबाट हेलिकप्टरमा शब गृह जिल्ला उदयपुर ल्याई दाहसंस्कार गरिएको छ।

विद्यार्थी भर्ना अभियान कार्यक्रम २०७८ सम्वन्धी

त्रियुगा नगरपालिका गाईघाटद्वारा जारी अपिल

चालु शैक्षिक सत्र २०७८ मा विद्यार्थी भर्ना सम्वन्धी सम्पूर्ण विद्यालयहरुले निम्नानुसार गर्न गराउन हुन :

- विद्यार्थी भर्ना कार्यक्रम सन्चालन गर्दा स्थानीय प्रशासन संग आवश्यक समन्वय तथा स्वास्थ्यका मापदण्ड पालना गर्न।
- विद्यार्थी भर्नाको अभिलेखीकरणका लागि सुचना प्रविधी लगायतका वैकल्पिक उपाय अपनाई भर्ना गर्ने त्यसका लागि अनलाइन भर्ना, फोन इन भर्ना समेतका विधीहरु अवलम्वन गर्न।
- भर्ना अभियानको पहिलो चरण असार १५ गतेसम्म स्वागत भर्ना सन्चालन गर्ने र दोश्रो चरणका लागि विभिन्न सन्चार माध्ययमको अवलम्वन गरी असाढ मसान्तसम्म विद्यालय उमेर समुहका सवै वालवालिकालाई भर्ना गर्ने व्यवस्था मिलाउन।
- भर्नाका समयमा अभिभावकको सम्पर्क नम्वर, इमेल ठेगाना लगायतका विवरण पनि संकलन गर्ने र वैकल्पिक सिकाईका लागि कुन माध्यममा विद्यार्थीको पहुच छ सो पहिचान गरी अभिलेख राख्न।
- यसरी भर्ना भएका विद्यार्थीहरुका लागि निःशुल्क पाठ्यपुस्तक समयमा नै उपलव्ध गराई वैकल्पिक माध्यामवाट पठनपाठनको वातावरण सृजना गरी पठनपाठन शुरु गर्न।
- भर्ना भएका विद्यार्थीहरुको पूर्ण विवरण सहितको अभिलेख राखी भर्ना कार्यक्रम सम्पन्न भएपछि IEMIS मा विवरण अद्यावधिक गर्न।

सम्पूर्ण अभिभावक, शैक्षिक सरोकारवाला व्यक्ति, सन्चार माध्यम तथा संघ संस्थाहरुमा विशेष अनुरोध :

- उपर्यक्त उल्लेखित विद्यालयहरुवाट सम्पादन हुने कृयाकलापमा आ-आफ्नो ठाउवाट सहयोग पुर्याई दिनुहुन र विद्यालय उमेरका शिक्षावाट वन्चित वालवालिकाहरुको जानकारी लिई नजिकको विद्यालयमा भर्ना गराउन आवश्यक सहयोग पुर्याई दिन हुन।

धन्यवाद।
त्रियुगा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय गाईघाट, उदयपुर

बि एण्ड बि किराना पसल, गाईघाट
सम्पर्क नं. ९८०३२९८०३२

बि एण्ड बि किराना पसल

गुणस्तरीय सामान सस्तो, सुपथ मुल्यमा बि एण्ड बि किराणा पसल। स्थान - गाईघाट, डियम गेटदेखि पूर्व तिन सय मिटर भित्र पुरानो गाईघाट, फुलचोकजाने बाटो। उदयपुर।
सम्पर्क - ९८०३२९८०३२ प्रोपाइटर - **एनु राई**

सम्पादकिय

सडकपेटी अबरुद्ध गर्नेहरुलाई सन्देश।

उदयपुर जिल्लाको सदरमुकाम गाईघाट अझ त्यसमा मदन भण्डारी लोकमार्ग बजारको बिचै भागमा रहेको छ। पैदल यात्रुको चाप ठेगी सक्नु छैन। बजार आवतजावत गर्न हम्मे हम्मे पर्छ। तरकारी बेच्नेले व्यापारिले पैदलयात्रु हिड्ने सडकपेटी छेकेको देख्दा लाग्छ त्यो सडक्पेटी उनीहरुले तरकारी बेच्नको लागि किनेको निजी जग्गा हो। गाईघाट बजारको बैङ्क लाईन जाने हो भने एकराते बजार जस्तो पार्किङ छ। दोहोरो सवारी साधन आवतजावत हुँदैन। सडक्मा भवन घर निर्माण गर्नेहरुले सडक अबरुद्ध हुनेगरी सामान राखेको देख्दा लाग्छ गाईघाट बजार नीति नियममा चल्दैन। ट्राफिक कार्यालयलाई सोध्यो नगरपालिकालाई पन्छाउँछ। नगरप्रहरी जागिर मात्र खाएर बसेका छन्। यो बिषयमा कुरा राख्न जाँदा नगर उपप्रमुख अनविज्ञ रहेको बताउँछन्।

यो भन्दा बिचित्र कहाँ र के हुन्छ? त्रियुगा नगरपालिका वडा नम्बर ११ का वडा अध्यक्षलाई सोध्यो जेठ १ गतेदेखि शशुल्क पार्किङ सेवा सुरु हुन्छ भन्दैथिए। आज असारको १६ गते भईसक्यो कुन जेठ १ गते हो? किन यति धेरै गैर जिम्मेवार भएका होलान जनप्रतिनिधीहरु? गाईघाट बजारको बिधुत मार्गको सडक हेर्ने हो भने ग्रामिण सडकको तुलनामा तुलना गरी साध्य छैन। गर्छन चाही के जनप्रतिनिधीहरु? सडक पेटीमा सामान राख्ने र बेच्ने ब्यापारीहरुलाई जिम्मेवारी, कर्तब्य, दायित्व, लाज, सरम भन्ने कुरा बिर्सियछ। सडक पेटी अबरुद्ध गरेर सामान बेचेर आफ्नो पेट भर्न जान्ने ब्यापारीले किन बुझेका छैनन् कि सडकपेटी अबरुद्ध हुँदा पैदलयात्रुले दुख पाउँछ। हिड्न असहज हुन्छ भनेर।

अब सडक पेटीमा सामान राख्ने, सडक अबरुद्ध गरेर ढुङ्गा, गिटी, बालुवा, इटा राख्ने ब्याक्तिहरुलाई कडा कारबाही गरिनुपर्दछ। ठुलो भन्दा ठुलो जरिवाना, सामान जफत तथा कडा चेतावानी दिनुपर्दछ। नगर प्रहरीमा जागिर खाएका प्रहरीहरुले काम गर्न सक्दैन भने अर्को प्रहरी नियुक्त गरिनुपर्दछ। होइन भने पैदलयात्रुलाई सहज रुपमा हिड्ने बाताबरण देउ नगरपालिका।

असार १५ गते मंगलबार गाईघाटको तरकारी भाउ

१, आलु	रु ३०
२, अदुवा	रु १२०
३, टमाटर	रु ६०
४, बन्दा	रु ५०
५, भेन्टा	रु ४०
६, खुर्सानी	रु ८०
७, मुला	रु ४०
८, पर्वल	रु ६०
९, तितेकरेला	रु४०
१०, भिन्डी	रु ४०
११, च्याउ	रु २००
१२, फुलकोबी	रु १००
१३, फर्सि	रु ५०
१४, कटहर	रु ४०
१५, काका	रु ४०
१६, धनियाँ	रु ८०
१७, लोकलबोडि	रु ८०
१८, खर्बुजा	रु ४०
१९, रायो साग	रु १००
२०, लट्टे साग	रु ६०
२१, प्याज	रु ५५
२२, निगुरो	रु २५
२३, दुध	रु ७०
२४, दहि	रु ९०
२५, महि	रु ५०
२६, घिउ	रु ७००
२७, रागाको मासु	रु ४००
२८, बंगुरको मासु	रु ४००
२९, खसिको मासु	रु १०००
३०, कुखुराको मासु	रु ३२०

के गर्दैछन स्मृति प्रतिष्ठान ?

❖ **भरत चामलिङ राई**

२०४४ सालतिर उहाले पचन्चायतकाल हुदा युबाहरुलाई खेल, संगित, शिक्षा प्रती उत्तरदायित्व भुमिका खेल्दै गाइघाट अनुष्ठान क्लब स्थापना गरेर युबाहरुलाई चेतनाको बिकासको मुल फुटाउन योगदान गर्नुभयो। उदयपुर जिल्लाको अबिभाबकको रुपमा लिइने लालशेर राई गाईघाट बजार बिस्तार ब्यबस्थापनमा अमुल्य ठूलो योगदान गर्नुभएको थियो। २०५४ साल जेठ ३ गते भएको त्रियुगा नगरपालिकाको मेयरको पहिलो चुनाबमा नेकपा एमालेबाट निर्बाचित हुनुभएको थियो स्वर्गीय लालशेर राइ। लालशेर राइ उदयपुर जिल्लाको सदरमुकाम गाइघाटका पहिलो व्यापारी पनि हुनुहुन्थ्यो।

समाजसेवामा लाग्दा लाग्दै २०७० साल असोज १५ गते मङलबार उहाको असामायिक निधन भएको आज लगभग ८ बर्ष हुन लाग्यो। उहाँको निधन पश्चात् उहाको नाममा लालशेर राई स्मृति प्रतिष्ठान उदयपुरमा स्थापना भयको छ। २०७० सालमा भागबत राउतको सम्योजक्त्वमा तदर्थसमिती गठन गरिएको थियो। तदर्थ समिती बनेको १ बर्ष पछि आधिकारिक रुपमा प्रकाश् बस्नेत्को अध्यक्षतामा कार्यसमिति निर्माण गरि प्रतिष्ठान अहिले संचालनमा छ। स्वर्गीय मेयर लालशेर राईको शालिक समेत बनेर आईसकेको लगभग आज ५ बर्ष जति भइसकेको छ।

उदयपुर जिल्लाको सदरमुकाम गाइघाट रहेको त्रियुगा नगर पालिकाका प्रथम जन निर्बाचित स्वर्गीय लालशेर राई २००८ साल मङ्सिर १५ गते उदयपुर जिल्लाको उत्तरी तत्कालिन बलम्ता गाबिस वडा नम्बर ६ रुप्लामा जन्मिनु भएको थियो। उनले उदयपुर जिल्लामा पहिलो पटक २०४४ सालमा लालिगुरास बोडिङ स्थापना गर्नु भएको थियो।

सो बिधालय ३४ बर्ष अघिदेखि अहिले सम्म पनि निरन्तर संचालन भैइरहेको छ। स्वर्गीय मेयर श्री लालशेर राई बि.स. २०४४ सालमा उदयपुर जिल्ला गाइघाट पन्चायतका क्षत्रीय सदस्य हुनुहुन्थ्यो। उहाँ २०४९ सालमा गाईघाट गाबिसको अध्यक्ष हुनुभएको थियो। उहाले उदयपुर जिल्लाको उच्छ शिक्षा हासिल गर्ने त्रियुगा जनता बहुमुखी क्याम्पस गाइघाट मोतिगडा स्थापना गर्नको लागि अहोरात्र खटिनुभयो योगदान गर्नु भयो। जहाँ अहिलेका उदयपुर जिल्लाका नेता, देशभर रहेका कर्मचारीहरु त्यही क्याम्पसमा अध्ययन गरेका हुन।

उदयपुरको बिकासको निम्ति सधै चिन्ता र चासो राख्नुहुने स्वर्गीय मेयर लालशेर राइले जिल्लाको सम्पुर्ण राजनितिक दलका नेता, कार्यकर्ता, बौद्धिक ब्यात्ती, सामाजिक छेत्रमा काम गर्ने ब्यात्तिहरु, ब्यापारी, बुद्धिजीवीहरुसंग सहकार्य गरेर त्रियुगा जनता बहुमुखी क्याम्पस संचालन समितिको सस्थापक कोषाध्यक्ष भयर त्रियुगा जनता बहिमुखी क्याम्पस स्थापना गर्नुभयो। उहाँ क्याम्पस सन्चालन समितिको उपाध्यक्ष भयर काम गर्दा गर्दै दुखद निधन भयो।

२०४४ सालतिर उहाले पचन्चायतकाल हुदा युबाहरुलाई खेल, संगित, शिक्षा प्रती उत्तरदायित्व भुमिका खेल्दै गाइघाट अनुष्ठान क्लब स्थापना गरेर युबाहरुलाई चेतनाको बिकासको मुल फुटाउन योगदान गर्नुभयो। उदयपुर जिल्लाको अबिभाबकको रुपमा लिइने लालशेर राई गाईघाट बजार बिस्तार ब्यबस्थापनमा अमुल्य ठूलो योगदान गर्नुभएको थियो। २०५४ साल जेठ ३ गते भएको त्रियुगा नगरपालिकाको मेयरको पहिलो चुनाबमा नेकपा एमालेबाट निर्बाचित हुनुभएको थियो स्वर्गीय लालशेर राइ। लालशेर राइ उदयपुर जिल्लाको सदरमुकाम गाइघाटका पहिलो व्यापारी पनि हुनुहुन्थ्यो।

समाजसेवामा लाग्दा लाग्दै २०७० साल असोज १५ गते मङलबार उहाको असामायिक निधन भएको आज लगभग ८ बर्ष हुन लाग्यो। उहाँको निधन पश्चात् उहाको नाममा लालशेर राई स्मृति प्रतिष्ठान उदयपुरमा स्थापना भयको छ। २०७० सालमा भागबत राउतको सम्योजक्त्वमा तदर्थ समिती गठन गरिएको थियो। तदर्थ समिती बनेको १ बर्ष पछि आधिकारिक रुपमा प्रकाश् बस्नेत्को अध्यक्षतामा कार्यसमिति निर्माण गरि प्रतिष्ठान अहिले संचालनमा छ। स्वर्गीय मेयर लालशेर राईको शालिक समेत बनेर आईसकेको लगभग आज ५ बर्ष जति भइसकेको छ।

उहाँको शालिकलाई गाईघाटको मेनचोकमा राख्ने भनेर त्यो समयमा नै सात दलले निर्णय गरेको थियो। ती सात दलले निर्णय गरेको निर्णय अहिले के भयो? आजसम्म किन कसरी के कारणले त्यो निर्णय कार्यन्वयनमा आउन सकेन? स्मारिका प्रकाशन गर्ने कुराहरू कहाँ पुग्यो? अहिले गाईघाट मेनचोकमा गाईको शालिक राख्ने कुराहरु सामाजिक संजालमा आईरहेको छ।

गाईको शालिक पनि राख्नु पर्छ किन भने यो ठाउँ पहिला गाईबस्तुहरुको चरन गोठ भएकोलेनै गाईघाट नाम रहेको हो भन्ने भनाइ छ। सबै भन्दा पहिला गाइघाटको मेनचोकमा ४६ साल तिर लालशेर राइले नै मुलचोकमा गोलाकार आकारको अनुष्ठान क्लबले स्थापना गरेको चोक थियो। लालशेर राइको नाममा स्थापना भएको स्मृति प्रतिष्ठानले अहिले के गरिरहेको छ? शालिक बनाउने आफैले गरेको निर्णयमा किन मोउन बसेका छ्न त प्रतिष्ठानका पदाधिकारीहरु? जबाफ चाहियको छ।

सार्वजनिक हितका लागि उदयपुरगढी गाउँपालिकाको सूचना!

‘सहभागितात्मक, समावेशी तथा साझेदारीपूर्वक विकास निर्माण, स्वच्छ, निष्पक्ष तथा सुशासनयुक्त कार्यशैली हाम्रो अभियान!’

जेष्ठ नागरिक, एकल महिला, अपाङ्गता र अशक्त नागरिकप्रति जिम्मेबार बनौं। जन्म, मृत्यु, बसाई सराई, बिबाह, सम्बन्ध विच्छेदजस्ता व्यक्तिगत घट्ना घटेको ३५ दिनभित्र आ-आफ्नो वडा कार्यालयमा गएर दर्ता गरौं, गराऔं।

उदयपुरगढी गाउँपालिका
उदयपुर

घुम्न जाउ शाहिखोला

❖ बुद्धि कुमार राई

उदयपुर जिल्लाको पर्यटकीय स्थल शाहीखोलामा सिढि निर्माण गरेसंगै पर्यटकलाइ आकर्षण थपिएको छ ।

त्रियुगा नगरपालिकाको वडा नं. १६ स्थित पर्यटकीय क्षेत्र शाहीखोलामा सिढि निर्माण भएको छ । आँपचौर बनभोज स्थलमा करिब १ सय २५ मिटर लामो सिढी निर्माण भएको हो । पर्यटन प्रवर्द्धनको उद्देश्यले त्यस ठाउँको संरक्षण तथा सम्बर्द्धनको काम भइरहेको छ ।

वडाध्यक्ष मानबहादुर राईका अनुसार उक्त योजनामा प्रधानमन्त्री रोजगार कार्यक्रममार्फत ८ जना मानवीय जनशक्तिको एक सय दिनको पारिश्रमिक ब्यहोरिएको थियो भने वडा तथा नगर पालिकाबाट १ लाख २२ हजार लागत साझेदारी भएको थियो ।

कुल ५ लाख ६५ हजार लागतमा निर्मित सिढिले त्यस ठाउँको थप आकर्षण बढाउनुका साथै आवतजावतमा सहज बनाएको प्रधानमन्त्री रोजगार कार्यक्रम त्रियुगा नगर पालिका संयोजक पम्पाकुमारी घलेले बताईन । त्यसक्षेत्र घुमफिर तथा बनभोजका लागि जानेहरुलाई अव सजिलो भएको छ। सिढि आकर्षक पनि देखिएको छ । वडाले अन्य पर्यटकीय गन्तब्य शाहीमहल, फोदिखेतको झर्नाको विकास र प्रवर्द्धनमा समेत चासो राखेको छ ।

गाईघाटदेखि करिब ५ किलोमिटर दुरीमा रहेको उक्त स्थान शान्त, हरियाली र मनमोहक रहेको छ । उक्त ठाउँमा वडागत बजेटबाट घर निर्माण भइसकेको वडाध्यक्ष राईले जानकारी दिए ।



होटल रोदुङ सेकुवा कर्नर & लज
रोदुङ सेकुवा कर्नर
यहाँ खाजा नास्ता पाईन्छ ।

प्रोपाईटर - **अगम चामलिङ राई**, ९८०७७६४३४३
गाईघाट, उदयपुरको सबै भन्दा पुरानो सेकुवा कर्नर । स्थान- गाईघाट मेनचोक उत्तर लोकतान्त्रिक पिपलचोक जाने दाँया साइडमा । एनएमबी बैङ्क अगाडी । यहाँ खाने,बस्ने राम्रो व्यवस्था छ।

प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
डिभिजन वन कार्यालय उदयपुर

गर्मी मौसममा हुनसक्ने आगलागीका घटनाहरु र सोबाट हुनसक्ने जनधनको क्षति न्यूनिकरण गर्न निम्नानुसार गर्ने गरौं ।

- **सलाई, लाइटरजस्ता आगो बाल्ने सामग्रीहरु बालबालिका तथा मानसिक सन्तुलन ठीक नभएका व्यक्तिहरुले नभेट्ने ठाउँमा राखौं ।**
- **खाना पकाइसकेपछि आगो राम्रोसँग निभाऔं, खाना पकाउने ग्याँस प्रयागकर्ताले चुलो, रेगुलेटर तथा लाइटर आदि समय समयमा निरीक्षण गरौं ।**
- **चुरोट बिंडीजस्ता वस्तुहरू प्रयोगपश्चात् जथाभावी नफालौं र आगो राम्रो सँग निभाऔं ।**
- **पेट्रोल, डिजेल, ग्याँस स्टेसनको वरिपरि सलाई, लाइटरजस्ता सामग्रीको बेचबिखन तथा प्रयोग नगरौं ।**
- **आगलागीका घटना भएमा दमकल, सुरक्षाकर्मी र सञ्चारमाध्यममा खबर गरौं ।**
- **सम्भव भएसम्म घर तथा कार्यालयमा अग्नी नियन्त्रक उपकरण राखौं ।**
- **आगलागीका घटना घटेमा महिला, बालबालिका, वृद्धवृद्धा तथा अशक्तहरूको सुरक्षामा विशेष ध्यान दिऔं ।**
- **आगलागीको घटना कुनै पनि बेला घट्ने भएको हुँदा पानीका स्रोतहरु चालू अवस्थामा राखौं ।**

VIRGIN GOLD
टि.टि सप्लायर्स

त्रिनपा - ११ गाईघाट, उदयपुर, असारीरोड, प्रोपाइटरः-**थमान चामलिङ राई** सम्पर्कः-९८४२९७५८७७, ९८१९७३८६८३

पाण्डे श्री सप्लायर्स & ट्रेडर्स

त्रिनपा-११ गाईघाट, असारीरोड, लालिगुराक बोडिङ पूर्व काका होटलसगै जोडिएको ।
प्रोपाइटरः-
बिनोदकुमार पाण्डे
सम्पर्क- ९८५२८३०५८२

पाण्डे श्री सप्लायर्स & ट्रेडर्स

यहा स्वदेशी तथा विदेशी रक्सीहरु तथा विभिन्न ब्राण्डका पेय पदार्थहरु होलसेल मुल्यमा पाईन्छ ।

आकर्षक घर बिक्रिमा

उदयपुर जिल्लाको सदरमुकाम गाईघाट बजार , संगमटोल, प्याराडाईज बोडिङ जाने सडकको मुख्य रोडदेखि ६० मिटर भित्र रहेको अढाई तले आकर्षक ब्यापारिक घर बिक्रिमा ।
घरको आकर्षणहरु - भुँई तलामा २ वटा सटर , २ वटा कोठा, ट्वाईलेट बाथरुम, भर्याङ, पार्किङ भएको, माथिल्लो तलामा ३ वटा कोठा र कार्यक्रम हल भएको, अन्तिम तलामा दुई वटा कोठा र किचेन रुम भएको, बगैचा भएको, आफु बस्नको लागि बनाएको घर सुबिधा सम्पन्न र नयाँ मापद्धन्द अनुसार पुर्वाधार भएको घर किन्न ईच्छुक ब्याक्तिले सम्पर्क गर्नुहोला ।
सम्पर्क - ९८४२८३७१७४/९८०३४८८९९३

फ्रान्स र क्रोयशिया बाहिरिदा स्वीजरल्याण्ड र स्पेन शिर्ष ८ मा

बिबेक राई

उदयपुर, असार १५

१६ औँ यूरोकपको प्रि-क्वाटरफाइनल खेलबाट फ्रान्स र क्रोएशिया बाहिरिदा स्वीजरल्याण्ड र स्पेन शिर्ष ८ मा पुग्न सफल भयो।

दुवै खेलमा चारै टोलीले निर्धारित ९० मिनेटसम्म ३-३ को बराबरी खेलेपछि खेललाई ३० मिनेटको थप अतिरिक्त समयसम्म लानुपरेको थियो। तर क्रोएशिया र स्पेनको नतिजा अतिरिक्त समयसम्म आइपुगेको थियोभने फ्रान्स र स्वीजरल्याण्डको छिनोफानो अतिस्क्ति समयपछिको पेनाल्टी सुटआउटबाट लिइएको थियो ।

नेपाली समयअनुसार सोमबार राति ९:४५ बजेबाट सुरु भई मध्यराति सकिएको खेलमा स्पेनले क्रोएशियालाई ५-३ ले पराजित गऱ्यो । डेनमार्कको राजधानी कोपनहेगनस्थीत पार्कन रंगशालामा यी दुई टोलीबीचको खेलमा गोलको सेकासेक भएको थियो। आठ गोलको वर्षा भएको खेल जारी प्रतियोगितामा पहिलो हो । छनौट खेलमा क्रोएशिया समुह ई र स्पेन समुह एफ को विजेता बन्दै शानदारका साथ यूरोकप खेल्न आएका थिए । यूरोकपमा आईसकेपछि क्रोएशिया समुह डी र स्पेन समुह ई को उपविजेता बन्दै शिर्ष १६ अर्थात प्रि-क्वाटरफानइनलमा आइपुगेको थियो ।

तर शिर्ष १६ को भेटमा पराजीत भएपछि क्रोएशिया प्रतियोगिताबाट बाहिरिएको छ भने जीत हात पारेको स्पेन शिर्ष ८ अर्थात क्वाटरफाइनल प्रवेश गरेको छ । खेलको २० औँ मिनेटमा आत्मघाती गोल उपहार पाएपछि क्रोएशिया अग्रता लिन सफल भएको थियो। मैदानको मध्यभागबाट स्पेनका मिडफिल्डर पेड्रो लोपेज (पेड्री) ले दिएको लामो ब्याकपासमा गोलरक्षक युनाइ सिमोनले बल नियन्त्रण लिन् खोज्दा उनको खुट्टामा लाग्दै पोष्टभित्र छिरेको थियो । एक गोलले पछि परेपनि पाब्लो साराबीयाले ३८ औँ मिनेटमा गोल फर्काएपछि स्पेन पहिलो हाफमै बराबरी गर्न सफल भएको थियो ।

५७ औँ मिनेटमा स्ट्राइकार फरान टोरेसको पासमा डिफेन्डर केसर एज्पीलिसेटाले हेडगोल र ७७ औँ मिनेटमा टोरेस आफैँले गोल गरेपछि स्पेन खेलको अन्त्यतिर ३-१ ले पुनारागमन गर्न सफल भएको थियो। तर अन्तिम पाँच मिनेट सम्हालिन नसक्दा स्पेनले थप दुई गोल खायो ।८५ औँ मिनेटमा मिस्लभ ओर्जिकले र उनकै पासमा ९० मिनेटपछिको थप छ मिनेटको इन्ज्यूरी समयको दोस्रो मिनेटमा मारियो पाजालिकले गोल गरेपछि क्रोएशिया १-३ बाट ३-३ को नतिजा बनाउन सफल भयो। ३-३ को बराबरीपछि ३० मिनेटको अतिरिक्त समय थप गरिएको थियो ।

फुटबल खेल्ने खेलमैदान । उदयपुर जिल्लाको पूर्वी चौदण्डीगढी नगरपालिका ६ बेल्टार सिर्वानीस्थित फुटबल खेल्ने खेल मैदान। तस्विर - बुद्धि कुमार राई ।

समय थप भएपछि १०० औँ मिनेटमा डानी ओल्मोको पासमा अल्भारो मोराटा र १०३ औँ मिनेटमा फेरी उनकै पासमा माइकल ओयार्जाबलले गोल गरेपछि स्पेन ५-३ को जीत रच्न सफल भयो । खेलपछि स्पेनका कप्तान सर्जियो बुस्केट स्टार अफ द म्याच चुनिए। फिफा वरियतामा स्पेन छैटौँ र क्रोएशिया १४ औँ स्थानमा छ । स्पेन ४-३-३ र क्रोएशिया ४-५-१ को रणनीतिमा मैदान उत्रिएको थियो। हेड टु हेडमा क्रोएशियाले स्पेनमाथि अहिलेसम्म तीन जीत, एक बराबरी र योसहित पाँच हार ब्योहोरेको छ ।

समयमै कर तिरौं : असल नागरिकको परिचय दिऔं

- आफुले सञ्चालन गरेको व्यापार, व्यवसाय गाउँपालिकामा गएर दर्ता गरौं र समयमै नविकरण गर्ने गरौं ।
- व्यवसाय दर्ता गरेर मात्र व्यापार, ववसाय सञ्चालन गरौं, असल व्यवसायीको पहिचान कायम गरौं ।
- उपभोक्ताको स्वास्थ्यमा प्रतिकुल असर पार्ने कुनै किसिमका खाद्य बस्तुको विक्री वितरण नगरौं।
- विना इजाजत मदिराजन्य पदार्थको विक्री वितरण नगरौं ।
- खाद्य र अखाद्य वस्तु एकै ठाउँमा राखेर विक्री वितरण नगरौं ।
- समयमै कर तिरौं : कर तिर्न बिलम्ब गर्दा हुनसक्ने जरिवाना र हर्जाना तिर्नबाट बचौं ।

रौतामाई गाउँपालिका
भुटार, उदयपुर

उदयपुरगढी गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
उदयपुरगढी, उदयपुर
कृषि शाखा

जनहितमा जारी सन्देश ।

- कृषिको व्यावसायीकरण गरौं । खाद्य सम्प्रभुत्व र आत्मनिर्भर गाउँपालिका निर्माणमा सहभागी बनौं,
- किसानलाई सम्मान गरौं । जैविक विविधतामा आधारित पर्यावरणीय कृषि पेशा अवलम्बन गरौं,
- कृषिमा आत्मनिर्भर, पशु पालनमा युवा सहभागिता बढाएर स्वरोजगार बनौं,
- बाँझो जमिन उपभोग गरि खाद्यान्न संकट हटाउनमा जोड दिऔं,
- मानव स्वास्थ्य र वातावरणलाई बचाउन अर्गानिक खेती प्रवर्द्धन गरौं,
- माटोमा जिवित वस्तुहरुको संख्या वृद्धि गरि माटोको उर्वराशक्ति बढाऔं,
- उपयोगी मित्र जिव किराको संरक्षण गरौं,
- रसायनिक विषादीका नकारात्मक असरहरु बारे सचेत रहौं,
- रैथाने बालीवस्तुको संरक्षण गरौं,
- बाली बिमा गरौं, भवितव्यबाट हुने क्षतिको न्यूनीकरण गरौं,
- सिंचाइ तथा सार्वजनिक कुवा, कुलो, पैनीको संरक्षण गरौं ।

Ad by Nagarikonline

माझखर्क साप्ताहिकको सह-प्रकाशन
मुलुकी
प्रकाशक : महेश्वर चामलिङ, सम्पादक : बुद्धिकुमार राई (बुद्धि चामलिङ राई)
प्रबन्ध निर्देशक : दिनेश चामलिङ कानुनी सल्लाहकार : अधिवक्ता कृष्ण बस्नेत,
कार्यालय – त्रियुगा नगरपालिका -११, गाईघाट उदयपुर, प्रदेश नमबर १, फोनः– ०३५-४२०३९४/९८५२८३५८८८
Email: mulukinews@gmail.com/rodung@gmail.com
wesite: www.majhkharka.com
मुद्रण :लक्ष्मी अफसेटप्रेस, गाईघाट